अनुसुची-२

(दफा ४ को अनुसुची-१ को भाग-१ संग सम्बन्धित )

# स्थानिय राजपत्र

बराहताल गाउँपालिका द्धारा प्रकाशित

खण्डः५, संख्याः१ मितिः २०७९/११/०४

भाग-१

बराहताल गाउँपालिका

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम बराहताल गाउँ सभाले पारित गरेको तल लेखिए बमोजिमको "बराहताल गाउँपालिका स्थानीय पुर्वाधार व्यवस्थापन गर्न बनेको ऐन २०७९ "सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

"बराहताल गाउँपालिका स्थानीय पुर्वाधार व्यवस्थापन गर्न बनेको ऐन २०७९ "

**प्रस्तावना** : बराहाताल गाउँपालिका क्षेत्रभित्र स्थानीय पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी पूर्वाधार निर्माण सम्वन्धी मापदण्ड निर्माण गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बराहाताल गाउँपालिकाको बाह्रौं गाउँसभाबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम प्रारम्भ** : (१) यो ऐनको नाम **"बराहताल गाउँपालिका स्थानीय पुर्वाधार व्यवस्थापन ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अध्यक्ष" भन्नाले बराहाताल गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले बराहाताल गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको बराहाताल गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले बराहाताल गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्नेछ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(च) "पुर्वाधार" भन्नाले यस ऐनमा अनुसुची-१ मा उल्लेख भए बमोजिमको विषयसँग सम्बन्धित भौतिक पुर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि तथा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य सम्झनु पर्छ ।

## परिच्छेद -२
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको वर्गिकरण**: (१) गाउँ क्षेत्रभित्र यातायात सुविधा उपलब्ध गराउन गाउँपालिकाले सडकहरुको तोकिए बमोजिम वर्गिकरण गरी सडक सञ्जाल गुरुयोजना तयार गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम निर्माण हुने प्रत्येक सडकहरुको घुम्ति तथा मोडहरुमा ठुला सवारी आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा चालिस प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्नेछ ।

४. **मापदण्ड निर्धारण गर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकि त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने** :(१) यस ऐन बमोजिम गाउँपालिकाले तोकेको सडकको क्षेत्राधिकार भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न वा व्यवसाय सञ्चालन गरेमा त्यस्ता संरचना भत्काउने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक खन्नु वा भत्काउनु परेमा गाउँपालिकामा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु वा भत्काउनु पर्ने कारण जाँचबुझ गरी खन्दा वा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा गाउँपालिकाले सम्बन्धित जग्गाको क्षतिपूर्ति उपलव्ध गाउँउने गरी सडक वा पूर्वाधार विस्तार गर्न सक्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने:** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा सरोकारवाला पत्ता नलागेमा त्यस्तो माल वस्तुलाई गाउँपालिकाले सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद ३
## जलस्रोतहरुको संरक्षण र उपयोग

**७. जलस्रोतको उपयोग** : (१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइनेछ :-

(क) पिउने पानी

(ख) सिंचाई, जलविद्युत

(ग) पानी घट्ट

(घ) औधोगिक वा निर्माण प्रयोजन

(ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**८. अनुमति लिनुपर्ने** : (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि वाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा हाइड्रोपावर, पानी घट्ट सञ्चालन गर्न,

(च) तोकिए बमोजिमको अन्य आवश्यक सामुहिक कार्य गर्न ।

(२) जलश्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) दफा ८ को उपदफा (१) प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता सस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

**९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन :** (१) गाउँपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रको उपभोक्ताहरु मिलि जल उपभोक्ता सस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण सञ्चालन गर्नु पर्नेछ ।

(२) यो ऐन लागु हुनुअघि नै संस्थागत रुपमा कुनै समुह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको मितिले एक वर्ष भित्र गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

**१०. जल उपभोक्ता सस्थाको गठन :** (१) यस ऐन बमोजिम गठन हुने उपभोक्ता सस्थामा समावेशी रुपमा सात देखि तेह्र जना सदस्यहरु रहन सक्नेछन् । कम्तिमा उपभोक्ता सस्थामा तेत्तिस प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) उपभोक्ता संस्था गठन गर्ने समुहले देहायको विवरण सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) उपभोक्ता सस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए दर्ता प्रमाणपत्र र दर्ता नभएको भए श्रोतको विवरण सहितको सार्वजनिक मुचुल्का

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणिय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता सस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता सस्था अविछिन्न उत्तराधिकारवाला सस्था हुनेछ । एक पटक छानिएको सस्थाको कार्य समितिको अवधि पाँच वर्ष हुनेछ अर्को पटकको लागि पाँच वर्षे म्याद सकिनु पन्ध्र दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ ।

(५) सस्थाको कार्य सञ्चालन विधि र प्रक्रिया विधानमा तोकिए बमोजिम हुनेछ । सस्थाले कानुन बमोजिम वार्षिक लेखापरीक्षण र कर तिर्नुपर्नेछ ।

(६) यसरी तोकिए बमोजिम विधि र प्रक्रिया अवलम्वन गाउँमा गाउँपालिकाले उपभोक्ता सस्थाको दर्ता रद्द गर्न सक्नेछ ।

**११. जलश्रोतको व्यवसायिक उपयोगको लागि अनुमति लिनुपर्ने:** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, एक मेघावाट सम्मको जलविद्युत आयोजना लगायत्का जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोपाइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने सस्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने)

(ग) पानीको स्रोत र उपयोग हुने पानीका परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणिय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी/गराई दरखास्त परेको मितिले छ महिना भित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणिय जोखिम न्युनीकरणका शर्तहरु तोकि आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्नेछ ।

(५) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग बापत कानुन बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढि खानेपानी आयोजनहरु मार्फत पाँचसय भन्दा बढि धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता सस्थाहरुले यस्तो बोर्ड गठनको लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नु पर्नेछ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्नेछ ।

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नका लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालिन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र सस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवद्ध सम्पत्ति तथा दायित्व ।

(ज) सञ्चालन तथा व्यवस्थापन प्रस्तावित मोडेल ।

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्न त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित सस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ ।

**१३. खानेपानी तथा सिंचाई शुल्क निर्धारण समिति** : (१) खानेपानी तथा सिंचाईको महशुल निर्धारण गर्नको लागि देहायका बमोजिमको महसुल निर्धारण समिति हुनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सम्वन्धित क्षेत्रको विषयगत समितिको संयोजक | -सदस्य |
| (ङ) स्थानीय जल उपभोक्ता सस्थाहरुको प्रतिनिधि | -सदस्य |
| (च) पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (छ) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिले वैठकमा सम्वन्धित क्षेत्रको विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

(३) वैठक तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको काम कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## भवन निर्माण तथा शहरीविकास सम्बन्धी कार्यहरु

**१४. स्वीकृती नलिई निर्माण तथा विकास गर्न नहुने** : १) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र मापदण्ड तयार गर्नेछ ।

**१५. भवनको दर्ता :** (१) गाउँपालिका क्षेत्रभित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**१६. भवनको डिजाइन तथा नक्शा स्वीकृति सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन, आर.सि.सि. स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, सस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) आवासिय भवनको हकमा वीस प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा पचास प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्युनतम पाँच फिट सेट ब्याक छोड्नु पर्दछ ।

**१७. वस्ति विकासको लागि अनुमति दिने:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी विक्रि गर्ने प्रयोजनबाट वस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिकामा वस्ति विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर आवश्यक छलफल र जाँचबुझ गरी गाउँपालिकाले पैतिस दिन भित्र अनुमति दिन सक्नेछ ।

## परिच्छेद ६
## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. पूर्वाधार आयोजना तर्जुमा** : (१) स्थानीय पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धि योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पुर्वाधार योजना तर्जुमा गर्दा देहाय बमोजिम उल्लेख गरी आयोजनाका विवरण तयार गर्नु पर्नेछ।

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्ने खर्च र श्रोत,

घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**१९. लागत अनुमान तयार गर्नुपर्ने :** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पुर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ।

**२०. पूर्वार्धार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन :** (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नुपर्ने पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्वन गरिनेछ।

(क) एक लाखसम्म लागत अनुमानका आयोजनाहरु सोझै वार्ताबाट

(ख) वीस लाखसम्म लागत अनुमानका आयोजनाहरु उपभोक्ता समितिहरु मार्फत

(ग) वीस लाख देखि एक करोडसम्म लागत अनुमानका आयोजनाहरु स्थानीय उपभोक्ता समिति वा निर्माण व्यवसायि मार्फत

(घ) एक करोड देखि माथि लागत अनुमान भएका आयोजनाहरु निर्माण व्यवसायि मार्फत

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत।

(च) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारी मार्फत

**२१. उपभोक्ता समिति मार्फत गर्न सकिने:** (१) एक करोड सम्म लागत अनुमान भएका आयोजनाहरुको निर्माण तथा मर्मत सम्भार कार्य गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारका सदस्यको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत निर्माण गर्न सकिनेछ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट समावेशी रुपमा सात दखि तेह्र जना सम्मको समिति गठन गरिनेछ। यस्तो समितिमा न्युनतम तेत्तिस प्रतिशत महिला हुनुपर्नेछ।

(३) उपभोक्ता समितिको कार्यकाल पाँच बर्षको हुनेछ। निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकि समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिनेछ।

(४) उपभोक्ता समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्युनतम दश प्रतिशत श्रमदान गर्नु पर्नेछ।

**२२. पूर्वाधार मर्मत संभार कोष :** (१) गाउँपालिका भित्र रहेका गाउँ स्तरिय वा केन्द्र/प्रदेश स्तरिय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुधार गर्न पूर्वाधार मर्मत सम्भार कोष स्थापना गरिनेछ।

## परिच्छेद ७

## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

**२३. पूर्वाधार अनुगमन समितिको गठन :** (१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठुला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने

आयोजनाको पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरु को गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) आयोजनाको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय पूर्वाधार विकास अनुगमन समिति रहनेछ :

क. गाउँपालिका उपाध्यक्ष - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

ग. पूर्वाधार विकास समितिको संयोजक -सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी - सदस्य

ङ गाउँ कार्यपालिकाको सदस्य एक जना -सदस्य

च. सम्वन्धित वडाको वडाध्यक्ष एकजना -सदस्य

छ. योजना शाखाको प्रमुख वा निजले तोकेको कर्मचारी -सदस्य सचिव

(२) गाउँपालिका क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको अनुगमन गर्ने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार अन्य व्यक्तिलाई समेत समावेश गराउन सक्नेछ ।

(३) कुनै पनि आयोजनाको गाउँ प्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा कार्यक्रमसँग सम्वन्धित अधिकार प्राप्त अधिकारीले कुनै पनि समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यक राय सल्लाह वा कारवाहीको लागि सिफारिस गर्न सक्नेछ ।

(४) आयोजना वा कार्यक्रमको अनुगमन गर्ने प्रयोजनमा सम्वन्धित वडा समितिले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

(५) आयोजनाहरुको अनुगमनमा तोकिएका पदाधिकारी तथा कर्मचारी नियमानुसार अनुगमन भ्रमण खर्च उपलव्ध गराईनेछ ।

(६) समितिका बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(७) वैठक तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. अनुमगन पश्चात निर्देशन दिन सक्ने** : (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको पस्तावित गुणस्तर र समयबद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व पूर्वाधार अनुगमन समितिको हुनेछ ।

**२५. सहमति दिनुपर्नेः** (१) गाउँपालिका आफैले सञ्चालन गर्ने पूर्वाधारहरुका निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायी र उपभोक्तालाई अन्तिम किस्ता भूक्तानी गर्न पूर्वाधार अनुगमन समितिले सहमति दिनु पर्नेछ ।

(२) गाउँपालिका आफैले सञ्चालन गर्ने पाँच लाख भन्दा कम लागत भएका पूर्वाधारहरुका निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायी र उपभोक्तालाई अन्तिम किस्ता भूक्तानी गर्न वडा स्तरिय अनुगमन समितिले सहमति दिनु पर्नेछ ।

**२६. कारवाहीको सिफारिस गर्न सक्ने** : गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अर्न्तगतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायी कै लापरवाहीका कारण निर्धारित समय भित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायीहरुलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायिलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**२७. कालो सुचीमा राख्ने :** (१) देहायको अवस्थामा गाउँपालिकाले सबै प्रकारका निर्माण व्यवसायी र उपभोक्ता समितिलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ ।

(क) कुनै फौजदारी कसुरमा अदालतबाट दोषि ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर दुई महिनासम्म काम सुरु गाउँमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना गाउँको वा सम्झौता बमोजिमको गुणस्तर नभएका कुरा प्रमाणित भएमा,

घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर, त्रास वा धम्कि दिई खरीद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(२) उपरोक्त बमोजिम कालो सुचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सुचीको अवधि तोक्न सकिनेछ ।

**२८. प्राविधिक मुल्यांकन गर्नुपर्ने :** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको गुणस्तरको लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

## परिच्छेद ८

## सार्वनजिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माँण तथा सञ्चालन

**२९. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, सस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाईसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्वन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाट गर्ने गरी निश्चित अवधीको लागि सम्झौता गर्न सक्नेछ ।

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षको लागि

(ख) निर्माण सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षको लागि

(ग) निर्माण स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्शेसन : सम्झौतामा तोकिए बमोजिममा अधिकतम २२ वर्ष

**३०. प्रस्ताव आव्हान गर्न सक्ने :** (१) गाउँपालिकाले यस ऐन बमोजिम पुर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि मनशाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, सस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय स्रोत

(घ) वातावरणिय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(ङ) कार्यान्वयनको विवरण

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्युन गर्ने प्रस्तावित उपायहरु

(छ) परियोजनाको नक्शा तथा ड्इङ्ग डिजाइन

(ज) प्रस्तावित शुल्क र करार अवधी

**३१. प्रस्ताव छनौट र सम्झौता :** (१) प्राप्त भएका प्रस्ताप उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपशिलका आधारहरुमा मुल्यांकनका गराई प्रस्ताव छनौट गर्न सक्नेछ ।

(क) पुर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नौलोपन स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधी किटान गरी साझेदार सम्झौता गर्न सक्नेछ ।

**३२. सञ्चालन तथा व्यवस्थापन:** (१) सम्झैता अवधिभरी पुर्वाधार संरचनाको संचालन तथा व्यावस्थापनको दायित्व सम्वन्धित साझेदारको हुनेछ । सम्झैतामा हेरफेर गर्नुपरेमा निजि साझेदार वा गाउँपालिका तर्फबाट एकअर्काकोलाई प्रस्ताव गर्नुपर्ने आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद ९

## वातावरण, भुसंरक्षण तथा वैकल्पिक उर्जा

**३३. वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले दुई करोड देखि दश करोड सम्म लागत भएका पुर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र दश करोड भन्दा माथिको लागत भएका पुर्वाधारहरुमा वातावरणीय प्रभाव मुल्यांकन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्वीकृति गाउँपालिकाले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृतिको लागि सो को प्रतिलिपी गाउँपालिकाको सार्वजनिक सुचना पाटिमा टाँस गरी पन्ध्र दिनको म्याद सहित सुझाव माग गर्नु पर्नेछ ।

**३४. वैकल्पिक ऊर्जालाई प्रोत्साहन:** (१) पुर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नु पर्नेछ ।

(२) कुनै घरमा सोलार, वायोग्यास, सुधारीएको चुल्हो लगाएतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गाउँएमा सरकारवाट पाउने अनुदान वा सहयोग दिईने छैन ।

(३) घरेलु सौचालयलाई वायोग्याँस उत्पादमा प्रयोग गर्ने वा सेप्टि टंकी वनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोत दश प्रतिसत सम्म छुट दिन सक्नेछ ।

**३५. भु-क्षय नियन्त्रण सम्बन्धि कार्य गर्न सक्ने:** (१) गाउँपालिका भित्रको भूक्षय ग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानिय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित व्यक्ति वा समूहले स्थान तोकि वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) वृक्षरोपणका लागि प्रस्तावित क्षेत्रका व्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनु हुदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम सात वर्षको लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

(५) उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउको हकमा सम्वन्धित संधियारलाई प्राथमिकता दिनुपर्नेछ ।

**३६. फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन** :(१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तरल फोहोरलाई यथोचित व्यवस्थापनको लागि गाउँपालिकाले कार्ययोजना बनाउनु पर्नेछ ।

(२) गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०

## विविध

**३७. अन्तर स्थानीय समन्वयः** (१) एक भन्दा वढी स्थानीय तहसंग जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यको लागि गाउँपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

**३८. प्रचलित कानुन बमोजिम हुंने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३९. नियम वनाउन सक्ने** : ऐनको उदेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**४०. कार्यविधि, निर्देशिका, मापदण्ड वनाउन सक्ने** : ऐनको उदेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**४१. बचाउ** : (१) ऐनको उदेश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनमा उल्लेख गरिएका कुनै प्रावधानहरु संघीय र प्रदेश कानुनसंग बाझिएमा स्वतःअमान्य हुनेछ ।

आज्ञाले
ललित कुमार थापा
प्रमुख प्रशासकिय अधिकृत